**नेपाल लाइफ**
इन्स्योरेन्स कं. लि.

# २२औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७९/०७/०४ गते बसेको संचालक समितिको ३४६औं बैठकको निर्णय बमोजिम कम्पनीको २२औं वार्षिक साधारण सभा निम्न विषयहरूमा छलफल तथा निर्णय गर्नका लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मितिः– २०७९ साल मंसीर ८ गते (तदनुसार २४ नोभेम्बर २०२२) बिहीबार**

**समयः– बिहान ९:०० बजे**

**स्थानः– होटल भिष्वा, बीरगंज (पर्सा)**

**छलफलको विषयसूचीहरुः**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक कार्य प्रगति प्रतिवेदन पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०७७/७८ को वासलात, नाफा-नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको लेखापरीक्षण समितिले गरेको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको १५.७८९५% नगद लाभांश (कर प्रयोजनसहित) वितरण गर्न स्वीकृत गर्ने ।

५) कम्पनीमा संचालक समितिले गरेको स्वतन्त्र संचालकको नियुक्तिलाई अनुमोदन गर्ने ।

**ख) अध्यक्षज्यूको अनुमतिले अन्य कुनै प्रस्तावहरु ।**

---

**साधारण सभा सम्बन्धी जानकारी**

१) साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२) साधारण सभामा सहभागी हुनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७९/०८/०५ गते अपरान्ह ४.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुत्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३) कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७९/०७/१८ गते (एक दिन) बन्द रहनेछ । मिति २०७९/०७/१७ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भई सोही बमोजिम कम्पनीको शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित नगद लाभांश प्राप्त गर्न सक्नेछन् ।

४) साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० बजेदेखि खुल्ला रहनेछ ।

५) कुनै एक शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी पठाएकोमा जसको नियुक्ति सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधिको हैसियतले सभामा भाग लिने अधिकार हुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधि फेरबदल गर्न चाहेमा मिति २०७९/०८/०६ गते अपरान्ह २:०० बजे भित्र सोको सुचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय काठमाण्डौंमा दर्ता गराई सक्नु पर्नेछ ।

७) नावालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

८) संयुक्तरूपमा शेयरधनी कायम गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९) छलफलका विषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, कमलादी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**पुनश्चः** कम्पनीबाट वार्षिक साधारण सभामा छलफल हुने विषयहरू सहितको सूचना शेयरधनी महानुभावहरूको ठेगानामा पठाईनेछ । कुनै शेयरधनी महानुभावले उक्त सूचना नपाउनु भएमा यसै सूचनालाई आधार मानी साधारण सभाको बैठकमा उपस्थित हुन अनुरोध गरिन्छ ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

**रजिष्टर्ड कार्यालयः वीरगञ्ज, पर्सा**
**प्रधान कार्यालयः क्लासिक कम्प्लेक्स, कमलादी, काठमाडौं**
**फोन नम्बरः ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९**
**इमेलः** info@nepallife.com.np **वेबसाइटः** www.nepallife.com.np

किनकि जीवन अमूल्य छ...